# सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार

## गृह मन्त्रालय

२०७९ चैत्र

नेपाल सरकार
गृह मन्त्रालय

**प्रस्तावनाः** विस्तृत शान्ति संझौता पश्चात युनाइटेड नेशन्स मिसन इन नेपाल (अनमिन) को प्रमाणिकरणमा अयोग्य भनी प्रतिवेदनमा नाम तथा विवरण उल्लेख भएका सशस्त्र द्वन्द्वका क्रममा माओवादी सेनामा रहेका लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धमा आ.ब.७३/७४ को बजेट वक्तब्यमा प्रति लडाकु रु २ लाखका दरले राहत उपलब्ध गराउने उल्लेख भएको, यस सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतमा रिट परी उक्त रकम वितरण कार्य कार्यान्वयन नभएको, मिति २०७८ फागुन १ मा विनियोजन ऐन २०७३ अन्तरगत लडाकुलाई रु २ लाख दिने गरी भएको व्यवस्था संविधान तथा कानुन विपरित नदेखिएको भनी उक्त अदालतबाट फैशला भएको, यस आ.ब. २०७९/८० को बजेट वक्तब्यमा शान्ति प्रक्रियका बाँकी कामको लागि भनी रु १ अरब ४० लाख विनियोजन भएको, पहिचान भएका लडाकुको संख्याको आधारमा क्रमश रकम उपलब्ध गराउने भन्ने अर्थ मन्त्रालयको मिति २०७९/१२/२ को सहमति र गृह मन्त्रालयले कार्यविधि तयार गरी रु २ लाखका दरले अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने तथा अयोग्य लडाकुको पहिचान, प्रमाणिकरण र भुक्तानी गर्ने प्रकृया लगायतको लागि मन्त्रालयले कार्यविधि तयार गर्ने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९ चैत्र ६ मा निर्णय भएकोले यो कार्यविधि वनाइ जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मा. गृहमन्त्रीबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"सशस्त्र द्वन्द्र"** भन्नाले सम्बत् २०५२ फागुन १ देखि २०६३ मंसिर ५ गतेसम्म भएको माओवादी जनयुद्धलाई सम्झनुपर्दछ ।

(ख)**"अयोग्य लडाकु"** भन्नाले युनाइटेड नेशन्स मिसन इन नेपाल (अनमिन) को प्रमाणिकरणमा अयोग्य लडाकु भनी अनमिनले दिएको प्रतिवेदनमा नाम तथा विवरण उल्लेख भएका लडाकुलाई सम्झनुपर्दछ ।

(ग) **"राहत"** भन्नाले सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई अयोग्य लडाकु भनी पहिचान भएपछि प्रति लडाकु रु दुई लाख दरले उपलब्ध गराउने राहत रकम सम्झनुपर्दछ ।

(घ) **"मन्त्रालय"** भन्नाले गृह मन्त्रालयलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## अयोग्य लडाकुको पहिचान

३. **पहिचान :** (१) गृह मन्त्रलयले अनमिनको प्रतिवेदनमा उल्लेख भएका लडाकुको नाम, उपनाम तथा अन्य विवरण र वहिर्गमित जनमुक्ति सेना नेपालले उपलब्ध गराएको लडाकुको विवरणलाई संयुक्त रुपमा जिल्ला अनुसार छुट्याइ तततत् जिल्ला प्रशासन कार्यलयमा पठाउने छ ।

(२)उपदफा (१) बमोजिमको विवरणलाई जिल्ला प्रशासन कार्यलयहरुले जो जे बुझ्नुपर्ने हो बुझी आबश्यक सर्जमिन मुचुल्का आदि गरी आवश्यकता अनुसार अनुसूची १ को सिफारिस समेतका आधारमा नागरिकता प्रमाण पत्रबमोजिम लडाकुको वास्तविक नाम, थर, ठेगाना समेतका आधारमा अयोग्य लडाकु हो भनी पछिसम्म फरक नपर्ने गरी एकीन/पहिचान गरी अनुसूची २ अनुसारको सिफारिस गृह मन्त्रालयमा पठाउने छ ।

(३) अयोग्य लडाकुको एकीन/पहिचान गर्ने प्रकृयामा सहजीकरणका लागि वहिर्गमित जनमुक्ति सेना नेपालको प्रतिनिधि समेत रहेको एक कार्यदल गृह मन्त्रालयले गठन गर्नसक्नेछ ।सो कार्यदका पदाधिकारीहरुले जिल्ला भ्रमण गर्दा वहिर्गमित जनमुक्ति सेना नेपालको प्रतिनिधिमध्ये १ प्रदेशमा १ जना प्रतिनिधि रहने गरी वढिमा ७ जनासम्म रहने छन । उक्त कार्यदलका सदस्यहरुले बैठक गर्दा वैठक भत्ता र जिल्ला भ्रमणमा जाँदा वहिर्गमित

जनमुक्ति सेना नेपालको प्रतिनिधिको हकमा रा.प.तृतिय श्रेणी सरह प्रचलित कानून बमोजिम पाउने आर्थिक सुविधा पाउने छन ।

(४) जिल्ला प्रशासन कार्यालयबाट एकीन भई आएको लडाकुको विवरण अनुसार कार्यदलले तयार पारेको लडाकुको विवरण गृह मन्त्रालयले प्रमाणित/स्वीकृत गरे पश्चात अयोग्य लडाकुहरुले राहत रकम पाउने छन ।

## परिच्छेद ३

## राहत रकम उपलब्ध गराउने प्रक्रिया

४. **राहत रकम** (१) अयोग्य लडाकुको विवरण गृह मन्त्रालयले प्रमाणिकरण/स्वीकृत गरेपछि पहिचान भएको संख्याको आधारमा क्रमश: गृह मन्त्रालयले अर्थ मन्त्रालयसंग रकम निकासा माग गर्ने र अर्थ मन्त्रालयले प्रति लडाकु रु दुई लाखका दरले गृह मन्त्रालयको नाममा रकम निकासा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयमा प्राप्त भएको निकासा रकम गृह मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ र यसरी पठाइएको रकम पहिचान भएका अयोग्य लडाकुलाई प्रति व्यक्ति दुई लाखका दरले सम्बन्धित जिल्ला प्रशासन कार्यालयले राहत उपलब्ध गराउनेछ ।

(३) अयोग्य लडाकु हो भनी पहिचान भएको तर निजको मृत्यु भैसकेको अवस्थामा निजको कानुनबमोजिमको नजिकको हकदारलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयले दुई लाख राहत उपलब्ध गराउनेछ ।

(४) अयोग्य लडाकु हो भनी पहिचान भएको तर निजको हाल नेपालमा नरहेको अवस्था भएमा निज नेपालमा आएको वखत सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दुई लाख राहत उपलब्ध गराउनेछ ।

(५) उपदफा (२) (३) र (४) बमोजिम उपलब्ध गराइने राहत रकम पहिचान भएका अयोग्य लडाकुको खातामा जिल्ला प्रशासन कार्यालयले जम्मा गर्नेछ र यसरी उपलब्ध

गराएको राहत रकमको विवरण जिल्ला प्रशासन कार्यालयले मासिक रुपमा गृह मन्त्रालयमा पठाउने छ ।

(६) यस दफाबमोजिम उपलव्ध गराइएको राहत रकमको लेखा परीक्षण गराउने तथा फरफारक गराउने जिम्मेवारी सम्वन्धित जिल्ला प्रशासन कार्यालयको हुनेछ ।

(७) राहत वितरण गर्दा नागरिकता प्रमाण पत्र जारी भएकै जिल्ला प्रशासन कार्यालयले सम्पूर्ण प्रक्रिया पूरा गर्नेछ । नागरिकता प्रमाण पत्र जारी भएको जिल्ला र वसोवास भएको जिल्ला फरक भएको अवस्थामा नागरिकता प्रमाण पत्र जारी भएको जिल्ला प्रशासन कार्यालयले वसोवास भएको जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी निरुपण गर्नेछ ।

## परिच्छेद ४

## विविध, संसोधन र खारेजी

### ५. विविध

(१) उजुरी सम्बन्धी व्यवस्था: यस कार्यविधि अनुसार राहत प्राप्त गर्ने प्रयोजनको लागि कसैले गलत विवरण दिएको हो भनी कुनै पनि नागरिकले राहत प्राप्त प्रयोजनको लागि गलत विवरण दिएको वा राहत प्राप्त गरेको ३५ दिनभित्र सम्वन्धित व्यक्तिको नाम थर, ठेगाना लगायत विवरण सहितको उजुरी सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा दिनसक्नेछ । यसरी प्राप्त उजुरी सम्वन्धित प्रमुख जिल्ला अधिकारीले प्रारम्भिक जाँचवुझ गरी/गराई आफ्नो स्पस्ट राय समेत राखी गृह मन्त्रालयमा पठाउने छ । प्राप्त उजुरी र प्रमुख जिल्ला अधिकारीको राय समेतलाई विचार गरी गृह मन्त्रालयले आवश्यक छानविन गरी कसुर गरेको देखिएमा उपदफा (३) बमोजिमको कारवाही हुनेछ ।

(२) निर्देशन दिनसक्ने: मन्त्रालयलले यो कार्यविधि बमोजिमको काम कारवाहीका सम्वन्धमा प्रमुख जिल्ला अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

(३) कारवाही हुने: यस कार्यविधि अन्तर्गत कुनै व्यक्तिले राहत प्राप्त गर्ने उद्देश्यवाट झुठ्ठा विवरण पेश गरेको अवस्थामा निजको नाम राहत प्राप्तगर्ने नामावलीवाट हटाउने र राहत लिइसकेको भएमा सो रकम सरकारी वाँकी सरह असुल उपर गरी त्यस्ता व्यक्तिलाई प्रचलित कानून वमोजिम कारवाही गरिने छ ।

६. **संशोधन र खारेजी :**

(४) यस कार्यविधि कार्यान्वयनको क्रममा सामान्य प्राविधिक विषयहरुको निरुपण तथा वाधा अड्काउ गृह मन्त्रालयले फुकाउनेछ ।

(५) गृह मन्त्रालयले आवश्यक परेमा यस कार्यविधिमा भएको व्यवस्था संशोधन वा खारेजी गर्न सक्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय

अनुसुची १

दफा (३) उपदफा (२) सम्वन्धित

## <u>स्वघोषणा</u>

मैले जिल्ला प्रशासन कार्यालय......................वाट सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलव्ध गराउने कार्यविधि, २०७९ वमोजिम राहत पेश गरेका विवरणहरु वास्तविक र सही हुन् । झुठो विवरण पेश गरि राहत माग गरेमा वा राहत प्राप्त गरेमा प्रचलित कानून वमोजिम तोकिएको सजाय मेरा लागि मञ्जुर छ भनी तपशिल वमोजिम स्वघोषणा गर्दछु ।

१. युनाइटेड नेसन्स मिसन इन नेपाल (अनमिन) को प्रतिवेदनमा उल्लेख भएको अयोग्य लडाकु सम्बन्धी विवरणमा मेरो नाम समावेश छ ।उक्त प्रतिवेदनमा मेरो नाम थर ............................ परिचयपत्रको वारकोड ............ र ID No............... हो ।
२. मेरो नागरिकता प्रमाणपत्रमा उल्लेख भएको नाम थर ................... वुवाको नाम थर .................जिल्ला ...............गा पा / न पा ......................हो । अममिनको प्रतिवेदनमा उल्लेख भएको नाम थर...................... र नागरिकता प्रमाणपत्र अनुसारको नाम थर .................भएको व्यक्ति म नै हो ।
३. माथिको व्यहोरा साही साचो हो झुट्टा ठहरिएमा कानून वमोजिम सहुला वुझाउँला ।

हस्ताक्षर

मिति :.......................

औंठा छाप:

| | |
|---|---|
| दायाँ | वायाँ |

सिफारिस

...........................गाउँपालिका/.......नगरपालिका

...........................वडा कार्यालय

माथि स्वघोषणा गरी विवरण पेश गरेका .....................नाति.....................छोरा ...................गा.पा/न.पा वस्ने को नागरिकता प्रमाणपत्र नं ................रहेको र निजले पेश गरेको स्वघोषणा अनुसार निजको विवरण स्थानीय मुचुल्का यसैसाथ संलग्न गरि यस कार्यालयवाट चेक जाँच समेत गरि पछिसम्म फरक नपर्ने गरी ठिक भएको व्यहोरा सिफारिस गरिन्छ ।

........................

वडा अध्यक्ष

अनुसूची २

जिल्ला प्रशासन कार्यालय.................

दफा (३) उपदफा (२) सम्वन्धित

श्री गृह मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

तहाँ मन्त्रालयवाट अयोग्य लडाकुहरुको सम्वन्धमा युनाइटेड नेसन्स मिसन इन नेपाल (अनमिन) र वहिर्गमित जनमुक्ति सेना नेपालको एकिकृत विवरण प्राप्त भयो । उक्त विवरणहरु सम्वन्धित स्थानीय तह तथा अन्य आवश्यक निकायहरुसंग बुझि आवश्यकता अनुसार सर्जमिन मुचुल्का समेत गरि अयोग्य लडाकुको वास्तविक पहिचान गरि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

| सि नं | अनमिनको विवरण अनुसार | | | वहिर्गमित जनमुक्ति सेनावाट प्राप्त | | | | जिल्ला प्रशासन कार्यालयले गरेको अयोग्य लडाकुहरुको वास्तविक पहिचान | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि नं | नाम थर | परिचय पत्र नं | वार कोड | नाम थर | नागरिकता प्रमाणपत्र | वुवा वा आमाको नाम थर | ठेगाना | नाम थर | ठेगाना (गा पा/नपा , वडा नं) | ना प्र प नं | पुष्टि गर्ने कागजातहरु | कैफियत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

संलग्न कागजातहरु:

१. स्थानीय सर्जमिन मुचुल्का
२. प्रहरी सर्जमिन मुचुल्का
३. वडाको सिफारिस

प्रमुख जिल्ला अधिकारी